# हाम्रो बारपाक सुलिकोट
# स्थानीय पाठ्यक्रम (कक्षा १-५)
# २०७७

**बारपाक सुलिकोट गाउँपालिका,**
**गोरखा, गण्डकी प्रदेश**

**स्थानीय पाठ्यक्रम : हाम्रो बारपाक सुलिकोट**

प्रकाशक : बारपाक सुलिकोट गाउँपालिका, ताकुकोट, गोरखा ।

प्रकाशन :

वेबसाइट :**www.sulikotmun.gov.np**

प्रमुख संरक्षक : श्री विष्णु प्रसाद भट्ट, अध्यक्ष

संरक्षक : श्री सनमाया गुरुङ्ग, उपाध्यक्ष

सदस्य : श्री गौतम भण्डारी, प्रमुख प्रशासकिय अधिकृत

सर्वाधिकार : श्री बारपाक सुलिकोट गाउँपालिका, गोरखा

**प्राविधिक सहयोग : सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।**

**प्राविधिक सहयोग समिति**

श्री विष्णु प्रसाद पराजुली, पूर्व उप सचिव, शिक्षा सेवा, नेपाल सरकार

श्री शुशिल प्रसाद भट्टराई, उप प्राध्यापक, पृथ्वीनारायण क्याम्पस, पोखरा

श्री प्रकाश ओझा, शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखरा ।

**पाठ्यक्रम निर्माण प्राविधिक समिति**

श्री कृष्ण गुरुङ्ग, सामाजिक विकास समिति संयोजक : संयोजक

श्री भीम कुमार श्रेष्ठ, शिक्षा संयोजक : सदस्य

श्री हरीराम दवाडी, प्र.अ., श्री सूर्यज्योति मा.वि. : सदस्य

श्री ठाकुर प्रसाद पनेरु, प्र.अ., श्री हिमालय मा.वि. : सदस्य

श्री आशा श्रेष्ठ, प्र.अ., श्री ब्रह्मचारिणी आ.वि. : सदस्य

श्री रत्न कुमार जोशी, स्थानीय विज्ञः सदस्य

श्री बसन्त राज भट्ट, शिक्षा अधिकृत : सदस्य सचिव

**पाठ्यक्रम मस्यौदा लेखन समिति**

श्री बसन्त राज भट्ट, शिक्षा अधिकृतः संयोजक

श्री भीम कुमार श्रेष्ठ, शिक्षा संयोजक : सदस्य

श्री सुर्य गौतम, प्राविधिक सहायक, शिक्षा : सदस्य

श्री हरीराम दवाडी, प्र. अ., श्री सूर्यज्योति मा.वि. : सदस्य

श्री ठाकुर प्रसाद पनेरु, प्र.अ., श्री हिमालय मा.वि. : सदस्य

श्री आशा श्रेष्ठ, प्र.अ., श्री ब्रह्मचारिणी आ.वि. : सदस्य

श्री रत्न कुमार जोशी, स्थानीय विज्ञ : सदस्य

**प्राक्कथन**

स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र स्थानीय विज्ञताको प्रयोग गरी निर्माण गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । राष्ट्रिय पाठ्यक्रमले सवै क्षेत्र र वर्गका आवश्यकता एवम विविधतालाई सम्बोधन गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रमको आवश्यकता महसुस गरिएको हो ।

नेपाल बहुधार्मिक, बहुजातीय र बहुभाषिक राष्ट्र हो । विविधतामा एकता नेपाली समाजको विशेषता हो । नेपालमा विभिन्न किसिमका भाषा, सभ्यता, पेसा, संस्कृति, भेषभूषा र भूगोलहरु छन । त्यसकारण विभिन्न भौगोलिक क्षेत्रमा बस्ने विभिन्न सम्प्रदायका मानिसहरुका आ-आफ्नै विशिष्ट पहिचान छन् । नेपालको संविधानले समेत प्रत्येक भाषा र सभ्यताको संरक्षण र संवर्द्धन गर्न पाउने नागरिकको हकलाई मौलिक हकका रुपमा सुरक्षित गरेको छ । साथै विभिन्न समयमा ऐन, कानुन र निर्देशिकाहरुले समेत विविधतायुक्त पहिचान भएका भाषा, सम्प्रदाय र सभ्यताको संरक्षण एवम संबर्द्धन गर्ने कुरालाई जोड दिएका छन ।

नेपालमा शैक्षिक सुधारका लागि विभिन्न शिक्षा समिति र आयोगका प्रतिवेदनहरुले शिक्षालाई विकेन्द्रित गर्ने प्रयासस्वरुप पाठ्यक्रममा स्थानीय विषयवस्तुलाई महत्व दिँदै आएको पाइन्छ । 'राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६' ले आधारभूत तहको पाठ्यक्रममा स्थानीय विषयलाई समावेश गरी स्थानीय पाठ्यक्रमको महत्वलाई विशेष जोड दिइएको पाइन्छ। साथै 'स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन-२०७६' ले समेत स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा स्पष्ट मार्गदशन र सहजीकरण गरेको देखिन्छ ।

यसै सन्दर्भमा बारपाक सुलिकोट गाउँपालिकाले पनि '**हाम्रो बारपाक सुलिकोट**' नामको स्थानीय पाठ्यक्रम तयार गरी त्यसैको परिधिभित्र रही पाठ्यपुस्तक निर्माणमा जुटिरहेको छ । स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा हामीले सर्वप्रथम सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश, पोखराका पाठ्यक्रम निर्माण सम्बन्धी विज्ञहरु, स्थानिय विज्ञहरु, गाउँपालिकाका वडाध्यक्षहरु एवम अन्य सरोकारवालाहरुको सहभागिताम मिति २०७७/१२/११ गते स्थानिय पाठ्यक्रम निर्माण सम्बन्धी अभिमुखीकरण कार्यशाला आयोजना गर्‍यौं । त्यसपश्चात पाठ्यक्रमको मस्यौदा तयार गर्न पाठ्यक्रम निर्माण सम्बन्धी प्राविधिक समिति निर्माण गरी विभिन्न चरणमा स्थानीय विज्ञ, प्रधानाध्यापक, शिक्षक, अभिभावक, जनप्रतिनिधि, विद्यार्थी, शिक्षाप्रेमी तथा विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुलाई समावेश गरी छलफल र अन्तरक्रिया गरेका छौं । प्रारम्भिक मस्यौदामा सामाजिक विकास समितिका विज्ञहरु, क्याम्पसका उप प्राध्यापकहरु र स्थानिय पाठ्यक्रम निर्माणमा संलग्न अन्य विज्ञहरुसगँको परामर्श अनुसार आवश्यक सुधार गरी सबै पक्षका उचित सल्लाह र सुझावलाई समेटेर यो पाठ्यक्रम निर्माण गरिएको छ । यसले बारपाक सुलिकोटको सक्कली अनुहार दस्तावेजमा देखाइदिने छ । बारपाक सुलिकोटको पहिचानलाई जीवन्त बनाउन महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने विश्वास लिएको छु ।

यस स्थानीय पाठ्यक्रमको निर्माणका क्रममा 'गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय' ले जुन सहजीकरणको भूमिका निर्वाह गरेको छ, त्यसप्रति म हृदयदेखि नै आभारी छु । गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयको स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी बिज्ञ समूहका सदस्य श्री बिष्णु प्रसाद पराजुली, श्री शुशिल भट्टराई र श्री प्रकाश ओझा, मन्त्रालयका शाखा अधिकृत श्री तोयानाथ लम्साल, गाउँपालिकाको स्थानीय पाठ्यक्रम मस्यौदा लेखन र प्राविधिक समिति, तथा सिङ्गो लेखक र विज्ञ टोलीप्रति म कृतज्ञ छु । यस कार्यमा सहयोगी भूमिका निर्वाह गर्ने गाउँपालिकाभित्रका सम्पूर्ण प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, शिक्षा शाखाका विज्ञहरु, कर्मचारी साथीहरु, विभिन्न क्षेत्रका विज्ञ तथा अग्रज व्यक्तित्वहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै म यस पाठ्यक्रमको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**विष्णुप्रसाद भट्ट**
**अध्यक्ष**
**बारपाक सुलिकोट गाउँपालिका, गोरखा ।**

विषयसूची

१. परिचय

२. विषयक्षेत्र

३. स्थानीय पाठ्यक्रमको औचित्य तथा आवश्यकता

४.विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

५. विद्यालय शिक्षाको संरचना

६. आधारभुत शिक्षाको पाठ्यक्रम संरचना

७.आधारभुत तहका तहगत सक्षमता

८. स्थानीय पाठ्यक्रमका तहगत सक्षमता

९.आधारभुत शिक्षाको पाठ्यक्रम संरचना

१०.स्थानिय पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि

११.बिषयवस्तुको क्षेत्र र क्रम

१२. विषयबस्तुको विस्तृतीकरण

१३. स्थानीय पाठ्यक्रमको पाठ्यघण्टी र अङ्क बिभाजन तालिका

१४. सिकाइ सहजीकरण प्रक्रिया

१५.पाठ्यक्रम कार्यान्वयन

१६.समय निर्धारण

१७. पाठ्यक्रम परिमार्जन

## १.परिचय

पाठ्यक्रम विकासममा भौगोलिक, ऐतिहासिक, सामाजिक, सास्कृतिक, धार्मिक, आर्थिक, आदि पक्षले प्रभाव पारेको हुन्छ । नेपाल विविधतायुक्त मुलुक हो । भौगोलिक, सामाजिक, सास्कृतिक, आर्थिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले सबै क्षेत्र, वर्ग, समुदायको आवश्यकता पुरा गर्न सक्दैन । यस सन्दर्भमा सबै क्षेत्रका फरक आवश्यकतालाई समेट्न स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता महसुस गरियो ।

ऐतिहासिक रुपले नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्टिय पाठ्यक्रम प्रारुप, २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतिलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई जोड दिएका थिए । तर औपचारिक रुपमा भने स्थानीय पाठ्यक्रमको निर्माणको अवधारणा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक ल्याएको हो । यसमा स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने र त्यसको साप्ताहिक पाठ्यभार ३ र पूर्णाकं १०० हुने व्यवस्था गरिएको थियो तर उक्त व्यवस्थाकार्यान्वयन हुन सकेन । त्यसपछि प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा १-५) मा सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषयवस्तु शिक्षण गर्ने प्रावधान राखियो ।आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ ले समेत स्थानीय पाठ्यक्रममा जोड दिँदै साप्ताहिक ५ पाठयभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषयलाई आधारभूत तहको पाठ्यक्रममा समावेश गर्‍यो । त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ मा आधारभूत तहमा१०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । ( स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ )

राष्ट्रिय पाठ्यक्रम पारूप, २०७६ले आधारभूत तहमा१०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्नुपर्ने व्यवस्था गरेको छ । पाठ्यक्रम प्रारुप अनुसार कक्षा १-३ मा मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरी पाठ्यभार ५ र वार्षिक रूपमा १६० पाठ्यघण्टा हुने व्यवस्था गरेको छ भने कक्षा ४-८ सम्म पाठ्यभार ४ र वार्षिक पाठ्यघण्टा १२८ घण्टा कायम गरेको छ ।यसरी विद्यालय तहको पाठ्यक्रममा स्थानीय विषयको प्रष्ट व्यवस्था गरे पश्चात स्थानीय विज्ञता, स्थानीय सहभागिता र स्थानीय विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

स्थानीय विविधता र विशिष्टतालाई समेटेर निर्माण गरिएको यस पाठ्यक्रमले बारपाक सुलिकोट गाउँपालिकाक्षेत्र भित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने अवसर प्रदान गरेको छ । यस पाठ्यक्रमको कार्यान्वयनबाट आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुले आफ्नो टोल, गाउँ र सिंगो गाउँपालिकाको समाज, भूगोल, इतिहास र संस्कृतिका साथै यहाँका महत्वपूर्ण ऐतिहासिक, सांस्कृतिक, सामाजिक र भौगोलिक सम्पदाको ज्ञान हासिल

गर्नेछन । साथै स्थानीय पेशा,व्यवसाय र प्रविधिको विकास र संरक्षणमा समेत यो पाठ्यक्रम कोसेढुगां सावित हुने विश्वास गरिएको छ । आधारभूत तहमा अध्ययन बालबालिकाहरुमा विपद र विपद व्यवस्थापनप्रति सजगता एवम असल सामाजिक संस्कारको विकास गर्नयस पाठ्यक्रमले सहयोग गर्नेछ ।

स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, पाठयक्रम विज्ञ लगायतसँग छलफल, अन्तरक्रिया तथा कार्यशाला बैठकको आयोजना गरी प्राप्त सुझाव तथा पृष्ठपोषणको आधारमा  बारपाक सुलिकोट गाउँपालिकाले स्थानीय समाज, यहाँका ऐतिहासिक र प्राकृतिक स्रोत साधन,  सामाजिक संस्कार, संस्कृति, पर्यटकीय सम्भावना, स्थानीय पेसा, व्यवसाय र प्रविधि, स्वास्थ्य र खेलकुद,विपद र विपद व्यवस्थापन, विविध सामाजिक संस्थाहरु लगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि५ सम्मको लागि स्थानीय पाठ्यक्रमको रुपमा यो पाठ्यक्रम विकास गरेको छ । यो पाठ्यक्रम शैक्षिक सत्र २०७८ देखि कक्षा १ बाट लागू गरिने छ ।

बारपाक सुलिकोट गाउँपालिका गण्डकी प्रदेशअन्तर्गत गोरखा जिल्लाको उत्तरी भागमा पर्दछ । यो गाउँपालिका प्राकृतिक, साँस्कृतिक, धार्मिक, पर्यावरणीय विविधता र सुन्दरताले सुसज्जित छ ।वि.सं २०७२ सालको भूकम्पको केन्द्रविन्दु बारपाक र सुलिकोट डाँडाको नामबाट यस पालिकाको नाम बारपाक सुलिकोट राखिएको हो । पछिल्लो समयमा पर्यटकिय दृष्टिले राष्ट्रिय रूपमै चर्चामा आएको यो क्षेत्रमा अन्य थुप्रै सम्भावनाहरू विद्यमान छन् । स्थानीय पाठ्यक्मले यस क्षेत्रको समृद्धिको सपनालाई साकार पार्न र यस क्षेत्रका आधारभूत तहमा अध्ययनरत भविष्यका कर्णधाररुपी बालबालिकाहरुलाई आफू र आफ्नो पहिचानप्रति गर्व गर्ने बनाउन महत्वपूर्ण भुमिका खेल्ने विश्वास गरिएको छ । अझ बिशेष रुपमा भन्नुपर्दा, स्थानीय पेशा,व्यवसाय र रोजगारी प्रति सजग रहँदै आवश्यकता अनुसार राष्ट्रिय र अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख जनशक्ति को विकास गर्ने एवम स्थानीय कला, सस्कृति, सौन्दर्य, आदर्श र बैशिष्ट्यको संरक्षण, सम्बर्द्धन र विस्तारमा सहयोग गर्ने जस्ता शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न समेत यो पाठ्यक्रम सहायकसिद्ध हुने अपेक्षा गरिएको छ ।

## २.विषय क्षेत्र

यस पाठ्यक्रमले बारपाक सुलिकोट गाउँपालिकाको सेरोफेरोलाई समेटेको छ । बारपाक सुलिकोट गाउँपालिका भित्रका अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, जातीय, सामाजिक, ऐतिहासिक, आर्थिक, स्वास्थ्य र सरसफाई, शारीरिक सीप र व्यायाम, स्थानीय खेल वातावरणीय क्षेत्रसँग सम्बन्धित ज्ञान, सीप र अभिवृत्तिका पक्षहरूलाई स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तह (१-५) मा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएकोछ । पाठ्यक्रमले मुख्य रूपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

(क) गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, सिमाना, जनसङ्ख्या, जातजाति, संघसंस्थाहरू

(ख) बारपाक सुलिकोट गाउँपालिकाको प्राकृतिक स्रोत साधन(वनजङ्गल, पहाड, जडीबुटी, नदीनाला, तालतलैया,

झरना, कुवा, ढुङ्गेधारा, खानी, आदि) एवम जैविक विविधता ।

(ग) स्थानीय साहित्य, कला, र संस्कृति : जातजाति, मठ, मन्दिर,चैत्य,विहार,गुम्वा,जात्रा,पर्व, मेला, मूल्य मान्यता, नाता सम्बन्धहरू, भाषा, साहित्य र भेषभूषा, गीत, सङ्गीत बाजागाजा ।

(घ) स्थानीय ऐतिहासिक, पर्यटकीय एवम धार्मिक र सांस्कृतिक सम्पदा।

(ङ) स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि ।

(च) पोषण, खानपिन, सरसफाइ तथा शारिरिक सीप एवं व्यायामः योग, ध्यान, सरसफाइ, भोजन, व्यायाम, दुर्व्यसन तथा कुलत सम्बन्धि सचेतना र स्थानीय खेलहरू ।

(छ) विपद व्यवस्थापन र सुरक्षित विद्यालय ।

(ज) स्थानीय बिशिष्ट व्यक्तित्वर प्रशासनिक संरचना ।

## ३.स्थानीय पाठ्यक्रमको आवश्यकता तथा औचित्य

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार स्थानीय पेशा,व्यवसाय र रोजगारलाई सम्बोधन गर्दै आवश्यकताअनुसार राष्ट्रिय र अन्तराष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पदनमुखी, सीपयुक्त र रोजगारउन्मुख जनशक्तिको विकास गर्ने एवम नेपाली कला, सस्कृति, सौन्दर्य, आदर्श र बैशिष्ट्यको संरक्षण, सम्बर्द्धन र विस्तारमा सहयोग गर्न, समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका लागि मानव संशाधनको विकास गर्नु शिक्षाकोराष्ट्रिय उद्देश्य हो । स्थानीय विषयको पठनपाठन गर्न एवम आफ्नोपन, मौलिकता र परम्परालाई हाम्रो पहिचानको धरोहरको रूपमा स्थापित गर्न स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ । यसै सन्दर्भमा, एकीकृत पाठ्यक्रम कक्षा १-३ को ढाँचा, २०७५ स्वीकृत भई परीक्षणको क्रममा रहेको छ । एकीकृत पाठ्यक्रम देश भरि २०७७ सालदेखि कक्षा १ मा लागु भइसकेको छ । साथै राष्ट्रिय र अन्तराष्ट्रिय परिवेश र सन्दर्भलाई हेर्दा शिक्षामा विकेन्द्रीकरण र विविधता व्यवस्थापन गर्न एवम सामाजिक न्याय स्थापना गर्न स्थानीय पाठ्यक्रम आवश्यकतालाई विभिन्न अध्ययन अनुसन्धानले जोड दिएका छन ।

राष्ट्रिय पाठ्यक्रमले देशको विविध विशेषता वोकेका सबै क्षेत्रको आवश्यकता सम्बोधन गर्न नसक्ने हुँदा स्थानीय परिवेश अनुसारको ज्ञान र सीप आर्जन गर्नका लागि स्थानीय विज्ञकै सहभागितामा पाठयक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले र संबैधानिक तथा नीतिगत रूपमा भएको प्रावधानलाई कार्यान्वयन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले बारपाक सुलिकोट गाउँपालिकाले यो स्थानीय पाठयक्रम तयार गरेको हो ।स्थानीय पाठयक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई निम्न बुँदाहरुमा उल्लेख गर्न सकिन्छ :

(क) गाउँपालिकाभित्रको स्थानीय आवश्यकता र सामाजिक परिवेशसगँ सम्बन्धित पाठ्यवस्तुलाई पाठ्यक्रममा समावेश गरी बालबालिकालाई स्थानीय परिवेशसगँ परिचित गराउनु ।

ख) गाउँपालिका र जिल्लाभित्र रहेका भौगौलिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटकीय र प्राकृतिक सम्पदाको बारेमा परिचित गराउनु ।

ग) स्थानीय स्तरका व्यावसाय, पेसा एवम् रोजगारलाई माया गर्ने उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गरी नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यको संरक्षण, संवर्धन गर्न ।

(घ) स्थानीय कला, साहित्य, संस्कृति, भाषाभाषी र परम्पराको पहिचान गरी संरक्षण र संवर्धन गर्न ।

(च) भौगोलिक, जातीय, लैङगिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधतालाई सम्बोधन गर्न ।

(छ) स्थानीय ज्ञान, सीप र प्रविधिलाई विश्वव्यापीकरण गर्न ।

(ज) परम्परागत पेसा, व्यावसाय र प्रविधिलाई संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउन ।

(झ) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी स्वाबलम्बी हुने ढङ्गकोशिक्षा प्रदान गर्ने ।

ञ) स्थानीय परिवेश अनुसार विपद र विपद व्यवस्थापन सम्बन्धी अवधारणाको विकास गर्न ।

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय शिक्षा पाठ्यक्रम, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरु निम्नानुसार छन् :

१.प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

२.राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, संघिय लोकतान्त्रिक गणतन्त्रका मुल्य मान्यताप्रति प्रतिवद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान, नैतिकवान एवम जिम्मेवार नागरिक तयार गर्ने,

३.श्रमप्रति सम्मान एवम सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशिल र सीपयुक्त नागरिक तयार गर्ने ।

४.व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सदभाव तथा सहिष्णुता र राष्टिय एक सुदृढ गर्न सहयोग पुऱ्याउने ।

५.प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ।

६.प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरुपको आचरण विकास गरी समतामुलक, समावेशी, न्यायपूर्ण र समाजबादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने।

७. राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ।

८. बैज्ञानिक अवधारणा, तथ्य, सीप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने बैज्ञानिक सुझवुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने ।

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने ।

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा बैशिष्ट्यहरुको संरक्षण, सम्बर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरब गर्ने नागरिक तयार गर्ने ।

११. जलबायु परिवर्तन तथा प्राकृतिक एवम मानवसिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ।

१२. सामाजिक न्यायमा आधारित सम्बृद्ध राष्ट्र निर्माणका निमित्त आवश्यक मानव संशाधनको विकास गर्ने ।

## ५. विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ का अनुसार विद्यालय शिक्षाको संरचना निम्नानुसार रहेको छ ।

| विद्यालय शिक्षाको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | प्रारम्भिक बालविकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत तह | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४-५ | ८देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६-८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक तह | कक्षा ९-१० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११-१२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## ६. आधारभूत शिक्षाको पाठ्यक्रम संरचना

### क. कक्षा १-३ को पाठ्यक्रम संरचना

| क्र.सं | विषय सम्बन्धि क्रियाकलाप/विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अंग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सीप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | भाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

### ख. कक्षा ४-५ को पाठ्यक्रम संरचना

| क्र.सं | विषय | पाठ्यघण्टा | कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अंग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मुल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सीर्जनात्मक कला | ३ | ९६ |
| ७. | भाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

## ७. आधारभूत तह (कक्षा १-८) का तहगत सक्षमता

विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १-८) का विद्यार्थीले हासिल गर्नुपर्ने सक्षमताहरु निम्न बमोजिम रहेका छन :

- देशप्रेम र राष्ट्रिय एकताको भावना एवम लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन
- भाषिक तथा सञ्चार सीपको विकास र व्यावहारिक, सीर्जनात्मक एवम सान्दर्भिक प्रयोग
- सूचना र विचारहरुको आदानप्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग
- तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम अभिवृत्ति विकास र प्रयोग
- बैज्ञानिक अवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम बोध र व्यावहारिक जीवनमा प्रयोग
- मानव मूल्य र मान्यता एवम सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता
- जनसंख्या, बातावरण संरक्षण र दिगो विकासवीचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग
- शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सीपको विकास
- स्थानीय, आधुनिक पेसा, व्यावसाय र प्रविधि एवम श्रमप्रति सम्मान तथा व्यवहारकुशल सीपको प्रयोग
- नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण, संवर्द्धन एवम सीर्जनशिलताको विकास र प्रयोग
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसगँ परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार
- दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरुको पहिचान, विश्लेषण तथा समाधान

## ८. स्थानीय पाठ्यक्रमका तहगत सक्षमताहरू (कक्षा १-५)

(क) बारपाक सुलिकोट गाउँपालिकाको सामान्य परिबेश ( भौगोलिक संरचना, जनसंख्या, सिमाना, आदि ) सगँ परिचित भइ आफ्नो पहिचानप्रति गौरबानुभूति प्रबर्द्धन ।

(ख) स्थानीय कला, साहित्य र संस्कृतिसगँ परिचित भइ तिनको संरक्षण र सम्बर्द्धन एवम सीर्जनशीलताको विकास।

(ग) स्थानीय स्रोतसाधन तथा गाउँपालिकाका सम्पदाहरूको संरक्षण, सम्बर्धन र विकासमा क्रियाशीलता प्रबर्द्धन ।

(घ) स्थानीय पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान एवम सो सम्बन्धी जीवनोपयोगी सीपहरुको प्रवर्द्धन, विकास र प्रयोग।

(ङ) स्वस्थकर बानी, असल पूर्विय संस्कार र शारीरिक तन्दुरुस्तीको सचेतना र अवलम्बन ।

(च) विपद र वातावरण संरक्षणप्रति सचेतनाको विकास तथा हरित विद्यालयको अवधारणाको अवलम्बन ।

(छ) स्थानीय बिशिष्ट व्यक्तित्व र अग्रज एवम तिनको योगदानप्रति सम्मान गर्ने बानीको विकास ।

(ज) स्थानीय वातावरणको जैविक विविधताको पहिचान, वर्गीकरण र यसको महत्व बोध ।

(झ) सरसफाइ र फोहोरमैला व्यवस्थापनप्रति सचेतनाको विकास र प्रयोग ।

## ९.स्थानीय पाठ्यक्रमका कक्षागत सिकाइ उपलब्धि

### कक्षा १

१.आफू र आफ्नो गाउँ वा टोलको नाम बताउन।
२.आफू र आफूनो साथीको ठेगाना बताउन ।
३.आफ्नो गाउँ/टोलभित्रका ऐतिहासिक र धार्मिक महत्वका मठ, मन्दिर तथा गुम्बाको नाम बताउन ।
४.स्थानीय समुदायभित्र रहेका प्रमुख नदीनाला, पोखरी, डाँडाको पहिचान गरी नाम बताउन ।
५.सरस्वती वन्दना,बालगीत तथा कविताहरू वाचन गर्न ।
६.आफ्नो परिवारका सदस्यहरुको नाम, काम र आफ्नो नाता बताउन ।
७.व्यक्तिगत सरसफाइ जस्तै हात धुने बानी, कपडा लगाउने सीपको विकास गर्न ।
८.स्थानीय खानपिनका विभिन्न परिकारको पहिचान एवम स्वस्थकर बानीको विकास गर्न ।
९.परिवारिक संस्कारसँग परिचित भइ असल बानी बसाल्न ।
१०.घर वरिपरि पाइने जडीबुटीहरुको नाम भन्न र लेख्न ।
११.स्थानीय चाडपर्वहरुको नाम भन्न ।
१२आफूले गर्न सक्ने काम बताउन
१३.स्थानीयस्तरमा प्रयोग गरिने लोकबाजाहरुको पहिचान गर्न ।
१४.स्थानीय खेलहरूको नाम भन्न र ती खेलसगँ सम्बन्धित दौडाइ र उफ्राइको अभ्यास गर्न।
१५.घरपरिवार र समुदायमा हुन सक्ने दुर्घटना प्रतिसचेत रहँदै सुरक्षाका उपायहरुसगँ परिचित हुन।
१६.आफ्नोवरिपरि रहेका प्राकृतिक स्रोत साधन (बनजगंल, जडीबुटी, नदीनाला, पोखरी, कुवा, आदि) को पहिचान गर्न ।
१७आफ्ना परिवारमा मनाइने सांस्कृतिक क्रियाकलाप (विबाह, चाडपर्व, ब्रतबन्ध) सँग परिचित भइ

त्यस्ताक्रियाकलापमा सक्रिय सहभागी हुन ।
१८.स्थानीय प्रमुख बाली तथा फलफूल र तरकारीको पहिचान गरी नाम बताउन ।
१९.आफूभन्दा ठूलालाई सम्मान गर्न र आफूभन्दा सानालाई माया गर्न।
२०.आफ्नो टोलभित्रका अग्रज व्यक्तिको नाम र काम बताउन ।
२१.आफू र आफ्नो साथीहरुको थर र परिवारमा बोलिने भाषाहरुसगँ परिचित हुन ।
२२.घरपालुवा पशुपंक्षीको पहिचान गर्न र मानव जीवनमा तिनको महत्व र बासस्थानबारे बताउन ।
२३.प्राकृतिक प्रकोपको परिचय दिन ।
२४.योग र शारीरिक व्यायामसगँ परिचित भइ आधारभूत योगाभ्यास गर्न

**कक्षा २**

१.आफू र आफ्नो साथिको नाम ठेगाना बताउन
२.आफ्नो गाउँपालिकाको परिचय (नाम, अवस्थिति, वडा नं र वडा कार्यालय रहेका स्थान) दिन ।
३. स्थानीय प्रविधिबाट निर्मित कृषिमा प्रयोग हुने घरेलु सामानको सूचीकरण गर्न र उपयोगिता बताउन ।
४.आफ्नो परिवारका सदस्यहरुको पेसा बताउन ।
५.परिवारका सदस्यहरुसगँको नाता बताउन
६.विद्यालय र घरमा सिकाइने सरस्वती वन्दना, बालगीत तथा कविताहरू वाचन र अनुलेखन गर्न ।
७.गाउँपालिकाभित्रका धार्मिक महत्वका स्थलहरुः मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद, आदिको परिचय दिन ।
८.परिवारिकसंस्कार (पाहुना र आफुभन्दा ठुलाको आदर, सानालाई माया, अभिवादन, चाडपर्व मनाउने, आदि)सगँ परिचित भइ असल बानी बसाल्न ।
९.आफ्नो गाउँ/ टोलमा उत्पादन हुने अन्नबाली, फलफूल, जडिबुटी र तरकारी पहिचान गरी बर्गीकरण गर्न ।
१०.स्थानीय जाति, भाषा, चाडपर्व र भेषभूषाको पहिचान गरी सम्मान गर्न ।
१२.स्थानीय बिशिष्ट व्यक्तित्वको परिचय दिन।
१३.स्थानीय प्राकृतिक स्रोत साधन (जस्तै :वन, पहाड र नदिनाला, कुवा, धारा, आदि)को पहिचान र बर्गीकरण गर्न ।
१४.स्थानीय स्रोतसाधनको ( जडीबुटी,प्राकृतिक स्रोत साधन ) महत्व बताउन ।
१५.घरपालुवा पशुपंक्षीसगँ परिचित भइ उनीहरुको उपयोग र बासस्थानबारे बताउन।
१६.जंगली जनावरहरुको नाम र बासस्थान बताउन
१७.परिवार र समुदायमा नैतिक आचरण प्रदर्शन गर्न तथा शिष्टाचारका शब्दहरुको प्रयोग गर्न ।

१८.आफ्नो घर, कक्षाकोठा र व्यक्तिगत सरसफाइ गर्ने तरिकाहरुसगँ परिचित भइ व्यावहारमा तिनको प्रयोग गर्न ।

१९.स्थानिय खेलहरूसगँ परिचित भइ सम्बन्धित आधारभुत शारिरिक सिप ( उफ्राइ, दौडाइ, बल समात्ने, फ्याक्ने ) को अभ्यास गर्न।

२०.बाढीपहिरोसगँ परिचित हुन

२१.बाढीपहिरोबाट सुरक्षित हुने उपायहरु बताउन ।

२२.योग र शारीरिक व्यायामसगँ परिचित आधारभूत योगाभ्यास गर्न

२३.आफ्नो गाउँ/टोलमा कार्यरत सामुदायिक संघसंस्था नाम बताउन

२४.स्वस्थकर बानीहरुसगँ परिचित भइ व्यावहारमा अवलम्बन गर्न

२५.स्थानीय खाद्यबालीबाट निर्मित खानाका परिकारहरुसगँ परिचित भइ महत्व बताउन ।

**कक्षा ३**

१.बारपाक सुलिकोट गाउँपालिकाको भौगोलिक संरचना पहिचान गर्न एवम विशेषताहरु बताउन ।
२.गाउँपालिकाभित्रका प्रमुख प्राकृतिक र ऐतिहासिक स्थलहरुको महत्व र बिशेषताहरु परिचित हुन ।
३.आफ्नो गाउँपालिकाको सामाजिक अवस्थाबारे जानकार रहन
४.स्थानीय जडीबुटीको महत्व र उपयोगसगँ परिचित हुन
५.आफ्नो परिवारको (जातीय, धार्मिक, सामाजिक, आर्थिक ) पृष्ठभूमिसगँ परिचित हुन
६.स्थानीय सास्कृतिक विविधता (विभिन्न जातजाति, भाषाभाषी, चाडपर्व आदि) सगँ परिचित हुन ।
७.असल गुणहरुसगँ परिचित हुन
८.आफ्नो परिवार र समुदायका मानिसले गर्ने काम बताई परिवारिक र सामुदायिक काममा सहयोग गर्न ।
९.स्थानीय सिप र प्रविधिको अवलोकन गरी परिचय दिन ।
१०.स्थानीय पेसा व्यावसायको नाम भन्न
११.आफ्नो गाउँ/टोलमा कार्यरत सामुदायिक संघसंस्था नाम र कामसगँ परिचित हुन ।
१२.स्थानीय बिशिष्ट व्यक्तिको योगदानसगँ परिचित हुन ।
१३.सरस्वती वन्दना, बालगीत तथा कविताहरू लय मिलाइ वाचन र अनुलेखन गर्न
१४.परिवार र समुदायमा नैतिक आचरण प्रदर्शन गर्नु तथा शिष्टाचारका शब्दहरुको प्रयोग गर्न
१५.स्थानीय प्राकृतिक स्रोतसाधनसगँ परिचित भइ तिनको महत्व बताउन ।
१६.साधारणखेलहरूसगँ परिचित भइ सम्बन्धित आधारभूत शारीरिक सिपको अभ्यास गर्न
१७.शारीरिक र मानसिक सुस्वास्थ्य कायम गर्न आवश्यक विभिन्न व्यायामहरु र योगसित परिचित भई अभ्यास गर्न ।
१८.व्यक्तिगत र सामुदायिक सरसफाइ गर्ने तरिकाहरुसगँ परिचित भइ व्यावहारमा तिनको प्रयोग गर्न ।
१९.घरपालुवा पशुपंक्षीको उपयोगर जंगली जनावर एवम पंक्षीसगँ परिचित भई तिनीहरुको महत्व बताउन ।
२०.विपदका प्रकारहरुसगँ परिचित हुन ।
२१.हावाहुरी र चट्याङ्गको परिचय त्यसबाट सुरक्षित रहने उपायहरुसित परिचित हुन ।
२२.पत्रुखाना र पोषणयुक्त खानाको परिचय दिन।
२३.स्थानीय अन्नबाली, फलफूल, तरकारी, जडीबुटीको महत्व र उपयोगिता वर्णन गर्न ।

**कक्षा ४**

१.बारपाक सुलिकोट गाउँपालिकाकोसिमाना, नाप नक्सा पहिचान गर्न र भौगोलिक बनावटका विशेषताहरु बताउन ।
२.गोरखा जिल्लाका स्थानीय तहहरुको नाम बताउन
३.बारपाक सुलिकोट गाउँपालिकाका सांस्कृतिक सम्पदाको परिचय दिन
४.बनजङ्गलको परिचय र महत्व बताउन ।
५.विपदका प्रकार र कारणहरुसगँ परिचित हुन ।
६.आफूले पढेका र सुनेका कथा वाचन गर्न
७.वातावरणीय सरसफाइप्रति सचेत रही व्यावहारमा प्रदर्शन गर्न ।
८.श्रमप्रति सकारात्मक सोचको विकास गर्दै परिवारिक र सामुदायिक काममा सहयोग र सम्मान गर्न ।
९.स्थानीय सास्कृतिक क्रियाकलापहरु (तिहार, ल्होसार जस्ता चाडपर्व, विवाह, व्रतबन्ध, आदि) सगँ परिचित भइ सहभागी हुन ।
१०.स्थानीय नृत्यहरुको परिचय दिन र महत्व बताउन
११.असल व्यक्तिगत र सामाजिक गुणहरुसगँ परिचित भइ व्यवहारमा अभ्यास गर्न ।
१२.स्वस्थ आचरणप्रति सचेत भइ व्यवहारमा प्रदर्शन गर्न ।
१३.व्यापारको आवश्यकता र महत्वसगँ परिचित हुन
१४.पत्रुखानाका नकारात्मक असरहरु र पोषणयुक्त खानाको सकारात्मक प्रभावसगँ परिचित हुन ।
१५.चोयाबाट सामग्री बनाउने सिपसगँ परिचित हुन
१६.पानीघट्ट चलाउने तरिका वर्णन गर्न
१७.शारीरिक र मानसिक सुस्वास्थ्य र तन्दुरुस्ती कायम गर्न आवश्यक विभिन्न व्यायामहरु र योगसित परिचित भइ तिनको अभ्यास गर्न ।
१८.स्थानीय कृषिमा प्रयोग हुने सामग्रीको नाम र काम बताउन ।
१९.कृषि र पशुपंक्षीपालनको लागि आवश्यक पूर्वाधारहरुसगँ परिचित हुन ।
२०.स्थानीय अन्नबाली, तरकारी र फलफूल उत्पादन गर्ने तरिका अवलोकन गरी पहिचान गर्न ।
२१.स्थानीय खेलहरूसगँ सम्बन्धित सिपहरुको प्रदर्शन गर्न र खेलहरुको अभ्यास गर्न ।
२२.वडा समितिको सरंचनासगँ परिचित हुन ।
२३.बाताबरण सरंक्षणका उपायहरुसगँ परिचित भइ व्यावहारमा प्रयोग गर्न ।
२४.कृषिबाट हुने फाइदाहरु बताउन ।
२५.आफ्नो वडामा कार्यरत सामुदायिक संघसंस्थाको नाम र कामसगँ परिचित हुन ।
२६.भूक्षय र आगालागीका कारणहरुसगँ परिचित हुन ।
२७.भूकम्पबाट हुने क्षतिहरु र भूकम्प आउनुपूर्व सुरक्षाका उपायहरुसगँ परिचित हुन ।
२८.प्रकोप व्यवस्थापनका तरिकाहरुप्रति सचेत रहन ।

**कक्षा ५**

१.घरायसी सामानहरुको प्रयोग, परिचय र जतन गर्न ।
२.बारपाक सुलिकोट गाउँपालिकाको प्रशासनिक संरचना, तथा जनसांख्यिक स्थितिसँग परिचित गराउन ।
३.बारपाक सुलिकोट गाउँपालिकाका प्रमुख सास्कृतिक सम्पदाको परिचय, महत्व र तिनीहरुको संरक्षणका उपायहरुसगँ परिचित हुन ।
४.बाढी पहिरोका कारणहरु एवम तिनबाट बच्ने उपायहरुसगँ परिचित हुन ।
५.वातावरणीय सरसफाइ गर्ने तरिकाहरुप्रति सचेत रही व्यावहारमा प्रदर्शन गर्न ।
६.पारिवारिक र सामुदायिक कार्यमा विभिन्न पक्षहरुको भुमिकाप्रति सचेत रही आफूले सक्दो सहयोग गर्न ।

७.स्थानीय सास्कृतिक क्रियाकलापह (जातिगत विविध चाडपर्वहरु, असल संस्कारहरु )हरुको महत्वसगँ परिचित भई त्यस्ता क्रियाकलापमा सक्रिय सहभागी हुन ।
८.स्वस्थ्य आचरणप्रति सचेत भई व्यावहारमा प्रदर्शन गर्न ।
९.स्थानीय पोषणयुक्त परिकार बनाउने सिपसगँ परिचित भइ अभ्यास गर्न ।
१०.स्थानीय प्रविधि र सिपसगँ परिचित हुँदै तिनको संरचना र कार्यबारे जानकार रहन ।
११.सुस्वास्थ्य र तन्दुरुस्ती कायम गर्न आवश्यक विभिन्न व्यायामहरु, योग, ध्यान, आहारविहारसित परिचित भइ तिनको अभ्यास गर्न ।
१२.समाजका स्वीकृत नीति, नियमको पालना गरी असल नागरिकका गुणहरुको विकास गर्न ।
१३.स्थानीय कृषिमा प्रयोग हुने सामग्रीको नाम र काम बताउँदै स्थानीय सामग्री उत्पादन गर्ने सिपसगँ परिचित हुन ।
१४.बारपाक सुलिकोट गाउँपालिकाको कृषि पूर्वाधारको अवस्थासगँ परिचित हुन ।
१५.स्थानीय अन्नबाली, तरकारी र फलफुल उत्पादन र सुरक्षित भण्डारण गर्ने तरिका पहिचान गर्न ।
१६.साधारणखेलहरूसगँ सम्बन्धित आधारभूत सिपहरुको प्रदर्शन गर्न र खेलहरुको अभ्यास गर्न ।
१७.वडा समितिका कार्यहरुसगँ परिचित हुन ।
१८.आफ्नो गाउँपालिकामा कार्यरत सामुदायिक संघसंस्थाको नाम र कामसगँ परिचित हुन ।
१९.राष्ट्रिय र अन्तरराष्ट्रिय रुपमा ख्याति प्राप्त स्थानीय व्यक्तित्वको नाम र कामसगँ परिचित हुन ।
१९.बाताबरण सरंक्षण र फोहोरमैला व्यवस्थापनका उपायहरुसगँ परिचित हुन ।
२०.पर्यटनको परिचय दिन

२१.पर्यटन व्यवसायबाट हुने फाइदाहरु बताउन ।

२२. महत्वपूर्ण स्थानीय पर्यटकीय क्षेत्रहरुको नाम र महत्वपूर्ण पक्षहरु बताउन ।

२३.सुरक्षित आबास र विद्यालयको आवश्यकता र महत्व बताउन ।

२४.बारपाक सुलिकोट गाउँपालिकाभित्रका राष्ट्रिय र अन्तरराष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्वहरु र तिनको योगदानसगँ परिचित हुन ।
२५.उद्योग व्यवसायसगँ परिचित हुँदै फाइदाहरु बताउन ।
२६. सामुदायिक विकृतिसगँ परिचित हुन ।
२७.भूकम्प पश्चात गरिने क्षति न्यूनीकरणका उपायहरुप्रति जानकार रहन
२८.भूक्षयका कारण र प्रभावहरुसित परिचित हुन

## ११. विषय क्षेत्र निर्धारण

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| **१. म र मेरो परिवार** | • आफु र आफ्नो साथीको नाम र घरको ठेगाना<br>• आफ्नो टोलको नाम र वडा नम्बर ।<br>• आफ्नो परिवारका सदस्यहरुको नाम | • आफु र आफ्नो साथीहरुको नाम र ठेगाना ( टोल, वडा र गाउँपालिका )<br>• आफ्नो परिवारका सदस्यहरुले गर्ने काम<br>• परिवारका सदस्यहरुसगँको नाता सम्बन्ध | • आफ्नो परिवारको पृष्ठभुमी<br>• परिवारिक र सामुदायिक काममा सहयोग र सम्मान | • आफ्नो परिवारका सदस्यहरुले गर्ने एवम सामाजिक काममा सहयोग ।<br>• आफुले पढेका र सुनेका कथा वाचन | • घर परिवारमा प्रयोग हुने विभिन्न सामानहरुको परिचय, प्रयोग र जतन |
| **२.हाम्रो बातावरण** | • आफ्नो वडाका प्राकृतिक र धार्मिक महत्वका स्थलहरुको नाम<br>• आफ्नो वरीपरीका प्राकृतिक स्रोत साधनको नाम र प्रकार<br>• स्थानीय जडीबुटीहरुको नाम र पहिचान | • स्थानिय स्रोत साधनको नाम र वर्गीकरण<br>• स्थानिय स्रोत साधनको महत्व | • आफ्नो पालिकाको भौगोलिक संरचना एबम् विशेषताहरु<br>• प्राकृतिक र ऐतिहासिक महत्वका स्थलहरुको महत्व र विशेषताहरु<br>• गाउँपालिकाको सामाजिक अवस्थाको जानकारी | • पालिकाको भौगोलिक सिमाना र नापनक्सा<br>• पालिकाको भौगोलिक विशेषताहरु<br>• बनजगंलको परिचय र महत्व<br>• बाताबरणीय सरसफाइको महत्व | • पालिकाको प्रशासनिक संरचन<br>• पालिकाको जनसांख्यिक स्थिति<br>• स्थानिय प्राकृतिक सम्पदाको महत्व<br>• बाताबरणीय सरसफाइका तरिकाहरु<br>• फोहोरमैला व्यवस्थापन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय जडीबुटीको महत्व र उपयोग | | |
| **३.स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि** | • आफुले गर्न सक्ने काम | • परिवारका सदस्यहरुको पेसा | • स्थानीय पेशा व्यवसायको नाम<br>स्थानीय सीप र प्रविधिको परिचय | • चोयाबाट सामग्री बनाउने सिप<br>• पानीघट्ट चलाउने तरिका | • स्थानीय सिप र प्रविधिको संरचना र कार्य |
| | | | | • व्यापारको आवश्यकता र महत्व | |
| | | | | | • उद्योग व्यावसायको परिचय र फाइदाहरु |
| | | | | | • महत्वपुर्ण पर्यटकिय क्षेत्रहरु<br>• पर्यटन व्यावसायको परिचय<br>• पर्यटन व्यवसायको महत्व |
| | • स्थानीय अन्नबालीहरु<br>• स्थानीय फलफूल र तरकारीको नाम | • स्थानीय अन्नबाली र फलफुलको पहिचान र वर्गीकरण | • स्थानीय अन्नबाली,फलफुल, र तरकारीको महत्व र उपयोग | • कृषि पेसाबाट हुने फाइदाहरु<br>• आलु उत्पादन गर्ने तरिका | • कृषिमा प्रयोग हुने स्थानीय सामग्री निर्माण गर्ने तरीका<br>• नेपालमा कृषि पूर्वाधारको अवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • कृषीमा प्रयोग हुने सामानहरु | | • कृषिको लागि आवश्यक सामाग्रीहरुको नाम र काम<br>• कृषिको लागि आवश्यक पूर्वाधारहरु | • स्थानीय अन्नबाली फलफुल र तरकारीमा लाग्ने रोगहरुको पहिचान |
| **४. हाम्रो समुदाय तथा वरपरका जिवजन्तुहरु** | • घरपालुवा पशुपन्छीको नाम<br>• घरपालुवा पशुपन्छीको बासस्थान<br>• असल पारिवारिक संस्कार<br>• मानव जिवनमा घरपालुवा पशुपंक्षीको महत्व | • घरपालुवा पशुपन्छीहरुको उपयोग<br>• जंगली जनावरहरुको नाम र बासस्थान<br>• गाउँ/टोलमा कार्यरत सामुदायिक संस्थाहरुको नाम | • घरपालुवा पशुपन्छीको उपयोग<br>• जंगली जनावरको महत्व<br>• गाउँ/टोलमा कार्यरत सामुदायिक संस्थाहरुको नाम र काम | • वडामा कार्यरत सामुदायिक सघंसंस्थाका कार्यहरु<br>• असल व्यक्तिगत र सामाजिक गुणहरु<br>• व्यावसायिक पशुपंक्षीपालनको परिचय | • विद्यार्थीले समुदायमा गर्न सक्ने कार्यहरु<br>• गाउँपालिकामा कार्यरत विभिन्न सामुदायिक संघसंस्थाको काम<br>• सामाजिक विकृतिहरुको परिचय<br>• व्यावसायिक पशुपंक्षीपालनको परिचय |
| **५.हाम्रो संस्कृति** | • बालगित गायन<br>• आफ्ना साथीहरुको नाम थर र परिवारमा बोलिनेभाषाभाषीको नाम | • सरस्वती वन्दनावाचन र अनुलेखन<br>• बालगीतहरु वाचन र अनुलेखन<br>• असल परिवारिक सस्कार र बानीहरु | • सरस्वती वन्दना बालगीत तथा कविता वाचन र अनुलेखन | • स्थानिय नृत्यहरुको परिचय र महत्व<br>• स्थानीय चाडपर्व ( ल्होसार, तिहार) मनाउने तरिकाहरु<br>• विविध सांस्कृतिक क्रियाकलापहरुको | • जातिगत विविधि चाडपर्वहरु<br>• समाजका स्वीकृत नीति नियमहरु<br>• असल सामाजिक संस्कार |

| | | | | | |
|---|---|---|---|---|---|
| | • स्थानीय लोक बाजाहरुको नाम<br>• स्थानीय चाडवाडहरुको नाम<br>• पारिवारिक रुपमा मनाइने संस्कारहरु<br>• असल नैतिक आचरण | • स्थानीय भाषा र भेषभुषाको नाम<br>• नैतिक आचरणको परिचय र प्रयोग<br>• शिष्टाचारका शब्दहरुको परिचय र प्रयोग | • सांस्कृतिक विविधताको परिचय<br>• असल गुणहरुको परिचय र महत्व<br>• परिवार र समुदायमा प्रर्दशन गर्नुपर्ने नैतिक आचरणहरु<br>• स्थानीय चाडपर्व ( दशै) मनाउने तरिकाहरु | परिचय ( वर्तबन्ध, विवाह )<br>• गाउँपालिकाभित्रका प्रमुख सास्कृतिक सम्पदाहरु | • स्थानीय सांस्कृतिक क्रियाकलापको महत्व<br>• गाउँपालिकाका सास्कृतिक सम्पदाहरुको परिचय र संरक्षणका उपायहरु |
| **६.स्थानीय संरचना, विशिष्ट व्यक्तित्व र अग्रज** | • आफ्ना अग्रजको परिचय | • स्थानिय विशिष्ट व्यक्तिको नाम र ठेगाना<br>• आफु बसेको वडाको कार्यालय र गाउँपालिका कार्यालयको अवस्थिति | • स्थानिय विशिष्ट व्यक्तिको योगदान<br>• गाउँपालिकाका वडा संख्या र वडा कार्यालय | • गोरखा जिल्लाको स्थानीय तहको नाम<br>• वडा समितिको संरचना | • गाउँपालिकाको प्रशासनिक संरचना<br>• वडा समितिका कार्यहरु<br>• राष्टिय र अन्तराष्टिय रुपमा ख्यातिप्राप्त स्थानिय व्यक्तीत्वहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| **७.पोषण,खानपिन तथा सरसफाइ** | • व्यक्तिगत सरसफाइको परिचय (हात धुने बानी, कपडा लगाउने सिप आदि)<br>• घरमा निर्मित खानाको नाम<br>• स्वस्थकर बानीव्यहोरा | • व्यक्तिगत सरसफाइ गर्ने तरिकाहरु<br>• कक्षाकोठाको सरसफाई<br>• परिवारिक सरसफाई<br>• स्थानीय अन्नबालीबाट निर्मित खाद्य परिकारहरुको परिचय र महत्व | • सामुदायिक सरसफाई गर्ने तरिकाहरु<br>• पत्रुखाना र पोषणयुक्त खानाको परिचय | • वातावरणीय सरसफाईको परिचय र महत्व<br>• पत्रुखानाका नकरात्मक असरहरु<br>• पोषणयुक्तखानाको फाइदाहरु | • बाताबरण संरक्षण र फोहोरमैला व्यवस्थापन<br>• स्थानिय पोषणयुक्त परिकार ( जाउलो, ढिडो र हलुवा ) बनाउने तरिका<br>• बाताबरणिय सरसफाइगर्ने तरिकाहरु |
| **८. स्वास्थ्य र खेलकुद** | • साधारण खेलहरु ( लक्कुढाल,मुसा बिरालो) को नाम ।<br>• स्वस्थ रहने बानीहरु<br>• आधारभुत शारीरिक सिप( दौडाइ, उफाई, आदि) को अभ्यास<br>• योग ( पुतली आसन ) र व्यायामको परिचय एवम अभ्यास<br>• | • बिभिन्न खेलहरु खेल्ने ठाउँको नाम ।<br>• साधारण खेलहरुसगँ सम्बन्धितआधारभुत शारीरिक सिपको अभ्यास<br>• योग र व्यायामको परिचय र अभ्यास<br>• स्वस्थ रहने बानीहरु<br>• स्थानिय खेलहरु ( तातो आलु, रुमाल लुकाइ, पुलिस र चोर)को अभ्यास | • साधारण खेलहरुसगँ सम्बन्धित शारीरिक सिपहरुको परिचय<br>• शारिरिक व्यायामको परिचय र अभ्यास<br>• योगको परिचय र अभ्यास । | • शारिरिक व्यायाम र योग गर्ने तरिका र अभ्यास<br>• फुटबलसगँ सम्बन्धित साधारण शारीरिक सिप ( बल फ्याक्ने,आदि ) को प्रदर्शन र खेलको अभ्यास | • स्वस्थ रहने बानीको विकास<br>• भलीबलसगँ सम्बन्धित साधारण शारीरिक सिप (बल फ्याक्ने, समात्ने, आदि ) को प्रदर्शन र खेलको अभ्यास<br>• योग, ध्यान र शारीरिक व्यायामको अभ्यास |

| | | | | | |
|---|---|---|---|---|---|
| **९. विपद र विपद व्यवस्थापन** | • प्राकृतिक प्रकोपको परिचय<br>• प्राकृतिक प्रकोपको ( हावाहुरी, चट्याड, बाढीपहिरो, भुकम्प ) नाम । | • विपद (बाढीपहिरो ) को परिचय<br>• बाढीपहिरोबाट सुरक्षीत हुने उपायहरु | • विपद र तिनका प्रकार<br>• हावाहुरी र चट्याडको परिचय र सुरक्षित हुने उपायहरु | • प्रकृतिक विपद (भूक्षय र आगालागी) का कारण<br>• भुकम्पबाट हुने क्षती<br>• भुकम्प आउनपुर्व अपनाउनुपर्ने सुरक्षाका उपायहरु<br>• विपद व्यवस्थापनको परिचय एवम तरिकाहरु | • सुरक्षित आवासको परिचय र महत्व<br>• भुकम्प पश्चात क्षति न्युन गर्न अपनाउनुपर्ने उपायहरुअपनाउनुपर्ने उपायहरु<br>• भुक्षयका कारण र असरहरु |

## १२. पाठ्यवस्तुको विस्तृतीकरण

यस खण्डमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धि, अध्ययन गर्ने विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ प्रक्रिया (क्रियाकलाप र मूल्याङ्कन )लाई प्रस्तुत गरिएको छ । पाठ्वस्तुको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**कक्षा १**

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण कियाकलाप | मूल्याङकन प्रकिया | कार्यघण्टा |
|---|---|---|---|---|---|
| **१. म र मेरो परिवार** | ❖ आफु र आफ्नो साथीको नाम र घरको ठेगाना बताउन<br>❖ आफ्नो टोलको नाम र वडा नम्बर भन्न ।<br>❖ आफ्नो परिवारका सदस्यहरुको नाम बताउन | ❖ आफु र आफ्नो साथीको नाम र घरको ठेगाना<br>❖ आफ्नो टोलको नाम र वडा नम्बर<br>❖ आफ्नो परिवारका सदस्यहरुको नाम | ● आफ्नो वडा र वडा कार्यालयको स्थलगत भ्रमण गराउने ।<br>● विद्यार्थीहरुबीच छलफल र प्रश्नोत्तर । | ● प्रश्नोत्तर<br>● विद्यार्थी क्रियाकलापको अवलोकन । | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| **२. हाम्रो बातावरण** | ❖ आफ्नो वडाका मठमन्दिर, चर्च गुम्बा आदिको पहिचान गर्न र नाम बताउन ।<br>❖ आफ्नो वरीपरीका प्राकृतिक स्रोतसाधनहरु : बनजड.गल, नदिनाला, जडीबुटी,धारा, कुवा आदिको नाम र प्रकार बताउन<br>❖ स्थानीय जडीबुटीहरुको पहिचान गर्न | • आफ्नो वडाका धार्मिक महत्वका स्थलहरुको नाम<br>• आफ्नो वरीपरीका प्राकृतिक स्रोत साधनको नाम र प्रकार<br>• स्थानीय जडीबुटीहरु पहिचान | • धार्मिक स्थलको भ्रमण, विद्यार्थीको अनुभव वर्णन र शिक्षकद्वारा पृष्ठपोषण<br>• प्राकृतिक स्रोतसाधनहरूको चित्रात्मक छलफल तथा वर्णन<br>• स्थानीय जडीबुटी संकलन एवम् छलफल | • विद्यार्थी कार्यको प्रदर्शन<br>• परियोजना कार्य<br>• क्रियाकलापको अवलोकन | २० |
| **३.स्थानिय पेशा, व्यवसाय, सीप र प्रविधि** | • स्थानीय अन्नबालीहरु<br>• स्थानीय फलफूल र तरकारीको नाम | विभिन्न स्थानीय अन्नबालीहरुको नाम बताउन ।<br>स्थानीय फलफूल र तरकारीको नाम भन्न | • स्थानीय बालीको नमुना संकलन गरी प्रदर्शन गर्ने<br>• विद्यालय वरपर अन्नबाली, फलफूल तथा तरकारी भएको क्षेत्रको स्थलगत भ्रमण गराउने<br>• स्थानीय अन्नबाली, फलफूल र तरकारीहरुको चित्र प्रदर्शन गरी छलफल गराउने | • स्थानीय बालीहरु,फलफुल र तरकारीको चित्रहेरी नाम भन्न लाउने<br>• विद्यार्थी कार्यको अवलोकन र क्षेत्र भ्रमणमा सहभागिताको आधारमा मूल्यांकन गर्ने | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| **४ हाम्रो समुदाय र वरपरका जीवजन्तुहरु** | • घरपालुवा पशुपन्छीको नाम बताउन<br>• घरपालुवा पशुपन्छीको बासस्थानसित परिचित हुन<br>• असल परिवारिक संस्कार र आचरणसगँ परिचित हुन<br>• मानव जीवनमा घरपालुवा जीवजन्तुको महत्व बताउन | • घरपालुवा पशुपन्छीको नाम<br>• घरपालुवा पशुपन्छीको बासस्थान<br>• असल परिवारिक संस्कार र आचरण<br>• मानव जीवनमा घरपालुवा जीवजन्तुको महत्व | १.असल परिवारिक संस्कार र आचरणको चित्रात्मक छलफल तथा वर्णन<br>२.पोष्टर,भिडियो प्रदर्शन एवंम अन्य चित्रात्मक सामाग्रीको प्रयोग तथा क्षेत्र भ्रमणको माध्यमबाट घरपालुवा जीवजन्तुको नाम, बासस्थान र महत्वबारे सिकाई सहजीकरण गर्न सकिने | मौखिक प्रश्नोत्तर<br>विद्यार्थीको नैतिक आचरणको अवलोकन<br>घरपालुवा पशुपन्छीको नाम, बासस्थान र महत्व बारे परियोजना कार्य गर्न लगाई त्यसबारे प्रश्नोत्तर गर्ने | १० |
| ५. हाम्रो संस्कृति | • लय मिलाइ सरस्वती वन्दना बाचन गर्न<br>• असल पारिवारिक संस्कारहरुसित परिचित हुन ।<br>• आफ्नो गाउँका जातजाति र भाषाभाषीको नाम बताउन ।<br>• स्थानीय लोक बाजाहरुको नाम भन्न ।<br>• स्थानीय चाडवाडहरुको नाम बताउन । | • सरस्वती वन्दना बाचन<br>• असल परिवारिक संस्कारको परिचय<br>• आफ्नो/ गाउँ टोलका जातजाति र भाषाभाषीको नाम<br>• स्थानिय लोक बाजाहरुको परिचय<br>• स्थानिय चाडबाडहरुको परिचय | • स्थानीय परिवारीक संस्कार र चाडबाडसगँ सम्बन्धी फोटो प्रदर्शनी र छलफल गराउने ।<br>• स्थानिय लोक बाजाहरुको सूची तयार गर्न लगाउने र छलफल गराउने ।<br>• आफ्नो/ गाउँ टोलका जातजाती सम्बन्धीवृत्तचित्रहरू प्रदर्शन र कक्षागत छलफल गराउने ।<br>• बस्तुगत प्रश्नोत्तर<br>• स्थानिय बाजाहरुको अवलोकन<br>• जातजाती र भाषाभाषीबारे आपसी छलफल र अन्तरक्रिया | • सरस्वती बदना बाचन गर्न लगाउने<br>• पारिवारिक संस्कार सम्बन्धीविद्यार्थी व्यवहारको अवलोकन गर्न लगाउने<br>• स्थानीय भाषाभाषी लोकबाजाको, चाडवाडको सुची बनाई पढ्न भन्न लगाउने | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. स्थानिय संरचना र विशिष्ट व्यक्तित्व र अग्रज | • आफ्नो टोलको नाम र वडा नम्बर बताउन ।<br>• आफ्ना अग्रजहरुको नाम बताउन | • आफ्नो टोलको नाम र वडा नम्बर ।<br>• आफ्ना अग्रजहरु( शिक्षक,अभिभावक) को नाम | • आफ्नो गाउँ टोलको अवलोकन, छलफल र चित्रात्मक बर्णन अग्रजको धारण दिइ छलफल गराउने | • आफू बसेको टोलको नाम र वडा नम्बर भन्न लगाउने<br>• विद्यार्थीहरुका अग्रजहरुको नाम भन्न लगाउने | २० |
| ७. पोषण, खानपिन तथा सरसफाइ | • व्याक्तिगत सरसफाइसित परिचित भइ ब्यवहारमा प्रयोग गर्न<br>• स्वस्थ बानीको विकास गर्न<br>• घरमा निर्मित खानेकुराको नाम भन्न । | • व्यक्तिगत एवमं दैनिक सरसफाइ, खानपानको तरिका, हात धुने बानीको विकास, कपडा लगाउने तरिका ।<br>• घरमा निर्मीत पोषिलो खानेकुराको नाम । | • सरसफाइका तरिकाहरूबारे छलफल चलाउने<br>• सरसफाइको फाइदाहरूबारे अन्तरक्रिया गराउने ।<br>• सरसफाइको प्रयोग, अवलोकन र अभ्यास ।<br>• घरमा निर्मित पोषिलो खानेकुराबारे सचित्र छलफल र वर्णन । | • छलफल र प्रश्नोत्तर गरी विद्यार्थीहरूको व्यक्तिगत सरसफाइको बुझाइ लेखाजोखा गर्ने ।<br>• घरमा निर्मित पोषिलो खानेकुराको नाम भन लगाउने ।<br>• विद्यार्थीको व्यक्तिगत सरसफाई अवलोकन गर्ने | २० |
| ८.स्वास्थ्य र खेलकुद | | | | • स्थानीय खेलहरु -(लक्कुढाल, मुसाविरालो)को अभ्यास गर्न लागाउने | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| | • आधारभूत शारीरिक सिप (दौडाइ, उफाई) को अभ्यास गर्न ।<br>• स्थानीय खेलहरु -( लक्कुढाल, मुसाविरालो) सगँ परिचित भइ अभ्यास गर्न<br>• योग(पुतली आसन) र व्यायामको परिचय दिन | • आधारभूत शारीरिक सिप (दौडाइ, उफाई) को अभ्यास<br>• स्थानीय खेलहरु -( लक्कुढाल, मुसाविरालोको परिचय र अभ्यास<br>• योग(पुतली आसन) र व्यायामको परिचय | • स्थानीय खेलहरु -(लक्कुढाल, मुसाविरालो )को प्रदर्शन र अभ्यास<br>• आधारभूत शारीरिक सिप ( दौडाइ, उफाई) को अवलोकन र अभ्यास गराउने<br>• योग(पुतली आसन) र व्यायामको शिक्षकद्धारा प्रदर्शन एवम् विद्यार्थीद्धारा अवलोकन र अभ्यास | • आधारभूत शारीरिक सिपको अभ्यास गर्नलगाइ अवलोकन गर्ने<br>• योग(पुतली आसन) र व्यायामको अभ्यास गर्न लगाउने | |
| ९.विपद र विपद व्यवस्थापन | • प्राकृतिक प्रकोपको परिचय दिन<br>• प्राकृतिक प्रकोप(हावाहुरी चट्टयाङ, बाढीपहिरो र भूकम्प) को नाम भन्न । | • प्राकृतिक प्रकोपको परिचय<br>• प्राकृतिक प्रकोपे ( हावाहुरी चट्याङ, बाढीपहिरो र भूकम्प) को नाम | • भिडियो प्रदर्शन, क्षेत्र भ्रमण एवम् परियोजना कार्य गर्न लगाई प्राकृतिक प्रकोपको अवधारण दिने र पहिचान गर्न लगाउने | • मौखिक रुपमा प्राकृतिक प्रकोपको परिचय दिन लगाउने<br>• भिडियो प्रदर्शन, क्षेत्र भ्रमण गराई प्राकृतिक प्रकोप(हावाहुरी चट्टयाङ, बाढीपहिरो र भूकम्प)कोनाम भन्न लगाउने | १० |

**कक्षा २**

| विषय क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङकन प्रक्रिया | कार्यघण्टा |
|---|---|---|---|---|---|
| **१. म र मेरो परिवार** | • आफ्नो परिवारका सदस्यहरुको नाम र काम बताउन,<br>• आफ्नो परिवारका सदस्यहरुसँगको नाता बताउन,<br>• आफू र आफ्नो कक्षाका साथीहरुको नाम र ठेगाना बताउन। | • आफू र आफ्नो साथीहरुको नाम<br>• आफ्नो साथीहरुको टोल, वडा नं. र पालिकाको नाम<br>• परिवारका सदस्यहरुको नाम र नाता<br>• परिवारका सदस्यहरुको काम | • गोलो घेरामा राखेर साथीहरुको नाम भन्ने अभ्यास गराउने,<br>• शिक्षकले आफ्नो र विद्यालय रहेको टोलको ठेगाना बताई विद्यार्थीको ठेगानाको बारेमा छलफल गराउने,<br>• परिवारका सदस्यहरु भएको रंगीन चित्र, भिडियो आदि प्रदर्शन र छलफल गराउने,<br>• परिवारका सदस्यहरुले आ-आफ्नो काम गरिरहेको चित्र, भिडियो प्रदर्शन र स्थलगत भ्रमण गराउने । | • साथीहरुको नाम र ठेगानाको सूची बनाउन लगाउने ।<br>• परिवारका सदस्यहरुको काम भन्न र लेख्न लगाउने ।<br>• विद्यार्थी सहभागिता र क्रियाकलापको अवलोकन र प्रश्नोत्तर गर्ने । | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| **२. हाम्रो वातावरण** | • आफ्नो घरमा प्रयोग हुने पानीको श्रोत पहिचान गर्न,<br>• घर वरपरका विभिन्न प्राकृतिक स्रोत साधन जस्तै : धारा,कुवा, नदी,ताल, वन, खोला,आदिको पहिचान गरी वर्गीकरण गर्न<br>• वन जंगलबाट प्राप्त हुने बस्तुहरु ( काठपात, जडीबुटी आदि) को नाम र उपयोग बताउन | • पानीका श्रोतहरु<br>• पानीको उपयोग<br>• विविध प्राकृतिक स्रोतसाधनको परिचय<br>• वन जंगलबाट प्राप्त हुने बस्तुहरुको नाम<br>• वन जंगलबाट प्राप्त हुने बस्तुहरुको प्रयोग | • पानीका श्रोतहरुको स्थलगत भ्रमण र छलफल गराउने<br>• विभिन्न प्राकृतिक श्रोतसाधनको नाम र तिनको महत्व सम्बन्धी पोष्टर वा भिडियो प्रदर्शन वा स्थलगत भ्रमण गरी छलफल गराउने,<br>• घरायसी प्रयोगमा आउने जडीबुटीहरु सम्बन्धी श्रव्यदृश्य सामग्रीको प्रदर्शन र प्रयोगबारे छलफल गर्ने<br>• वन जंगलबाट प्राप्त हुने बस्तुहरुको प्रयोग के के मा हुन्छ ? छलफल गराउने । | • कक्षा क्रियाकलापमा विद्यार्थी सहभागिता र प्रतिक्रियाको अवलोकन गर्ने ।<br>• वनजन्य पैदावारहरुको प्रयोग सम्बन्धी परियोजना कार्य गर्न लगाउने ।<br>• घरवरिपरी पाइने विविध प्राकृतिक स्रोतसाधन सम्बन्धी प्रश्नोत्तर गर्ने गराउने । | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| **३.स्थानीय पेशा, व्यवसाय, सीप र प्रविधि** | • आफ्नो परिवारका सदस्यहरुको पेसा बताउन<br>• आफ्नो घर वरपर उत्पादन हुने अन्नबाली र गेडागुडी पहिचान गर्न,<br>• आफ्नो वरपरका फलफूल र तरकारीहरुको नाम बताउन,<br>• कृषिमा प्रयोग हुने सामानहरुको पहिचान गरी सुची बनाउन | • परिवारका सदस्यहरुको पेसा<br>• अन्नबाली र गेडागुडीहरुको नाम र तिनको प्रयोग,<br>• फलफूल र तरकारीहरुको नाम,<br>• स्थानीय कृषिमा प्रयोग हुने सामानहरु | • शिक्षकले आफ्नो पेसाबारे जानकारी दिइ विभिन्न पेसा गर्ने मानिसहरुको भिडियो प्रदर्शन र वर्णन गर्ने<br>• विद्यार्थीहरुलाई परिवारका सदस्यहरुको पेसाबारे प्रश्नोत्तर गर्ने र पृष्ठपोषण दिने<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली र गेडागुडीहरु अवलोकन गराई छलफल गर्ने<br>• दिन दिनै खाइने तरकारी र मौसम अनुसार खाइने फलफूलहरुको चित्र, भिडियो प्रदर्शन र छलफल गर्ने,<br>• स्थानीय कृषिमा प्रयोग हुने सामानहरुको सूची बनाउन विद्यार्थीहरुलाई परियोजना कार्य दिने । | • कृषिमा प्रयोग हुने साधनको नाम भन्न लगाउने,<br>• विद्यार्थीको कक्षाकार्यको अवलोकन<br>• मौखिक प्रश्नोत्तर,<br>• कार्यपुस्तिकामा आधारित लिखित प्रश्नोत्तर गराउने | २५ |
| | | • घरपालुवा जनावर र पंक्षीहरुको नाम र तिनीहरुको महत्व<br>• जंगली जनावरहरुको नाम | • घरमा भएका घरपालुवा जनावर र पंक्षीहरुको नाम र तिनीहरुबाट पाइने चीजहरुबारे छलफल गराउने, | | १० |

| | | | | | |
|---|---|---|---|---|---|
